नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ को दफा ५ (६) बमोजिम

सुदूरपश्चिम प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

प्रादेशिक कार्यक्रम सहयोग इकाई, सुदूरपश्चिम प्रदेश

र

मंगलसेन नगर कार्यपालिकाको कार्यालय, अछाम

बीच भएको

# द्विपक्षीय सम्झौता पत्र

मितिः २०८२, चैत्र ९ गते

"नवप्रवर्तन साझेदारी परियोजना" कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश (यस पछी "मन्त्रालय" भनिने ) तथा मङ्गलसेन नगरपालिकाको कार्यालय, अछाम (यस पछि "स्थानीय तह" भनिने) बीच भएको

## द्विपक्षीय सम्झौता पत्र

स्थानीय सुशासन, स्थानीय सेवा प्रवाह र स्थानीय आर्थिक विकास एवम् विकासका क्षेत्रमा नवप्रवर्तनकारी सोच, विधि र प्रविधिको प्रयोग र प्रवर्द्धन गर्ने उद्देश्यका साथ मन्त्रालय अन्तर्गत सञ्चालित प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) मा व्यवस्था रहेको नवप्रवर्तन साझेदारीको माध्यमबाट प्रदेश तथा स्थानीय तहको सह-लगानीमा नवीनतम परियोजनाहरू सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्नको लागि **नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२** को परिच्छेद २ को दफा ५(६) अनुसार यो द्विपक्षीय सम्झौता गरिएको छ।

| | | |
|---|---|---|
| क. परियोजना सम्बन्धित विवरण | | |
| १. परियोजनाको नाम | एकीकृत डिजिटल तथ्याङ्क तथा अभिलेख व्यवस्थापन प्रणाली स्थापना परियोजना | |
| २. कार्यान्वयन हुने स्थान | २.१. जिल्लाः अछाम | २.२. स्थानीय तहः मङ्गलसेन नगरपालिका |
| | २.३. कार्यक्रम संचालन गरिने वडाः | सबै |
| ३. परियोजनाको अवधि | ३.१. शुरु हुने मितिः २०८२/१२/१० | ३.२. सम्पन्न हुने मितिः २०८३/०३/१५ |
| **ख. परियोजनाको लागत सम्बन्धी विवरण** | | |
| १. परियोजनाको कुल लागत (रू.) | ३८,००,०००/- | |
| २. लागत साझेदारी (रू.) | २.१ मन्त्रालयः २६,६०,०००/- | |
| | २.२ स्थानीय तहः ११,४०,०००/- | २.२.१ साझेदार संस्थाः छैन |
| ग. परियोजनाको लाभान्वित जनसंख्या | | |
| १. कुल लाभान्वित | १.१. घरपरिवारः -६२०० | १.२. जनसंख्याः २६,५५७ |
| २. महिला/पुरुष | २.१. महिलाः १४,४७५ | २.२. पुरुषः १२,०८२ |
| | २.३. अन्यः -NA | |
| ३. समूह/वर्ग | ३.१. दलितः ७,७५५ | ३.२. मुस्लिमः ० |
| | ३.२. मधेसीः ० | ३.३. आदिवासी/जनजातिः ८० |
| | ३.४. ब्राह्मण/क्षेत्रीः १११४ | ३.५. अन्यः १,८३२ |
| ४. अन्य | | ४.१ अपाङ्गता भएको: ६१० |

घ. परियोजनाबाट संचालन हुने क्रियाकलापहरूः

| क्र.सं. | शीर्षक/उपशिर्षक | एकाइ | संख्या | दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **घर अभिलेखीकरण तथा तथ्यांक संकलन -७००० घरधुरी** | | | | | |
| १.१ | *तथ्यांक संकलन (प्राथमिक)* | कार्य दिन | ३०० | ३००० | ९००००० | |
| १.२ | *तथ्यांक संकलन (द्वितीयक)* | कार्य दिन | ७ | ० | ० | |
| १.३ | *तथ्यांक प्रविष्टि* | कार्य दिन | ५० | ५००० | २५०००० | |
| १.३ | *तथ्यांक विश्लेषण, अनुगमन र प्रमाणीकरण* | कार्य दिन | २५ | ५००० | १२५००० | |
| २. | **तालिम तथा अनुशिक्षण** | | | | | |
| २.१ | डेटा संकलन सम्बन्धि अनुशिक्षण | अनुशिक्षण | १ | २००००० | २००००० | |
| २.२ | सफ्टवेयर संचालन अनुशिक्षण | अनुशिक्षण | १ | २५००० | २५००० | |
| ३. | **प्रणाली विकास तथा संचालन** | | | | | |
| ३.१ | घर अभिलेखीकरण सम्बन्धि प्रणाली विकास | प्रणाली | १ | ५००००० | ५००००० | |
| ३.२ | घर अभिलेखीकरण सम्बन्धि प्रणाली परिक्षण (प्रणाली परीक्षण, एकीकरण परीक्षण, सुरक्षा परीक्षण) | पटक | १ | १५०००० | १५०००० | |
| ३.३ | प्रयोगकर्ता स्वीकृति परीक्षण (UAT) तथा सुधार कार्य | पटक | १ | १००००० | १००००० | |
| ३.४ | प्रणाली परिमार्जन, प्राविधिक कागजात तयारी तथा प्राविधिक सहयोग | पटक | १ | २००००० | २००००० | |
| ३.५ | सर्भर होस्टिङ खर्च (५००GB NVMe Server, १६GB RAM, ८ Core, Dedicated VPS) | वर्ष | १ | ३५०००० | ३५०००० | |
| ३.६ | प्रणाली जांचपास तथा हस्तान्तरण | बैठक | १ | ५०००० | ५०००० | |
| ४. | **प्रणाली संचालनका लागि सामग्री** | | | | | |
| ४.१ | कम्प्युटर/ल्यापटप | गोटा | २ | १००००० | २००००० | |
| ४.२ | प्रिन्टर | गोटा | १ | ५०००० | ५०००० | |
| ४.३ | सर्वर जडान वा स्तरोन्नति/क्लाउड ब्याकअप | सर्भर | १ | २५०००० | २५०००० | |
| ४.४ | नेटवर्क (जडान वा स्तरोन्नति) | नेटवर्क | १ | ५०००० | ५०००० | |
| ५. | **अनुगमन तथा मुल्यांकन** | | | | | |
| ५.१ | प्रणाली अनुगमन तथा नीरिक्षण | नियमित | | ० | ० | |
| ५.२ | सार्वजनिक सुनुवाई | पटक | १ | १००००० | १००००० | |
| ५.३ | सार्वजनिक परिक्षण | पटक | १ | ५०००० | ५०००० | |
| ६. | **परियोजना हस्तान्तरण** | | | | | |
| ६.१ | अन्तिम चेकजाँच (जांचपास) | पटक | १ | २५००० | २५००० | |
| ६.२ | परियोजना हस्तान्तरण बैठक | पटक | १ | ५०००० | ५०००० | |
| ७. | **विविध (बैठक, स्टेसनरी आदि)** | | | | १७५००० | |
| | **परियोजनाको कूल जम्मा (१ देखि ७ सम्म)** | | | | ३८००००० | |

ङ. बजेट तथा निकासा सम्बन्धी व्यवस्था

१. मन्त्रालयले परियोजना प्रस्ताव वमोजिम कार्यक्रम कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको स्वीकृत बार्षिक योजना अन्तरगत नवप्रवर्तन साझेदारी परियोजना(कोष) बाट रु. २६,६०,००० (अक्षरेपी छब्बीस लाख साठी हजार रुपैया मात्र) रकम प्रचलित कानून वमोजिम स्थानीय तहलाई उपलब्ध गराउने छ।

२. परियोजना कार्यान्वयनको क्रममा प्रचलित कानून बमोजिम काम कारवाही गर्दा परियोजनाको कूल लागत वा खुद खर्च घट्न गएको अवस्थामा, वास्तविक लागतको आधारमा प्रथम र द्वितिय पक्षको साझेदारीको हिस्सा सोही अनुपातमा हुनेछ ।

३. परियोजनामा उल्लेख भए बमोजिमको स्थानीय तहले साझेदारी गर्नुपर्ने रकमको सुनिश्चिता गरी परियोजनासँग सम्बन्धित खर्च गर्दा नवप्रवर्तन साझेदारी परियोजना र स्थानीय तहको श्रोतको अनुपात मिलाएर खर्च गर्नु पर्नेछ. अनुपात नमिलाई खर्च गरेको पाइएमा नवप्रवर्तन साझेदारी परियोजना तर्फको रकम रोक्का राख्न सकिनेछ।

४. मन्त्रालयले स्थानीय तहलाई २०८२ चैत्र मसान्त सम्म सम्झौतामा उल्लेख भए बमोजिमको साझेदारी हिस्साको रकम एकमुष्ठ रकम निकासा दिनेछ।

५. स्थानीय तहले कार्यक्रमको मासिक प्रगति, अन्तिम वित्तीय तथा भौतिक प्रगति एवम् समीक्षा प्रतिवेदनहरू नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ अनुसूची – ८ बमोजिम प्रदेश कार्यक्रम सहयोग इकाईमा पठाउनु पर्नेछ ।

६. चालु आर्थिक बर्षको असार महिनामा प्रचलित कानूनले तोकेको म्याद भित्र खर्च नभई बचत भएको निकासाको रकम लेखा प्रणाली बन्द हुनु अगावै प्रदेश संचित कोषमा फिर्ता गर्नु पर्नेछ।

**च. सम्झौताका शर्तहरु:**

१. यस सम्झौताको खण्ड "घ" मा उल्लेखित क्रियाकलापहरु बाहेक अन्य कुनै क्षेत्रमा यो रकम खर्च गर्न पाइने छैन।

२. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन, प्रतिवेदन, अनुगमन, मूल्याङ्कन तथा नतिजा सुनिश्चितताको समग्र जिम्मेवारी स्थानीय तहको हुनेछ।

३. स्थानीय तहले परियोजनासँग सम्वन्धित खर्च लेखाङ्कन, लेखा परिक्षण लगायतका कार्यहरु प्रचलित कानून बमोजिम गर्नु, गराउनु पर्नेछ।

४. कार्यक्रम कार्यान्वयन गर्न प्रादेशिक कार्यक्रम सहयोग इकाईले आवश्यक सहयोग तथा समन्वय गर्नेछ।

५. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन प्रदेश र स्थानीय तहको प्रचलित कानुन र प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रमको दस्तावेजले निर्दिष्ट गरे बमोजिम हुनेछ।

६. कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम प्रादेशिक निर्देशक समिति तथा नवप्रवर्तन साझेदारी कोष प्राविधिक समितिबाट स्थानीय तहलाई आवश्यक सहयोग, सल्लाह, सुझाव र निर्देशन गरिनेछ।

७. परियोजना कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहले सम्वन्धित शाखा प्रमुख वा एकजना अधिकृतलाई परियोजनाको सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

८. परियोजनाको सूचना पाटी, आम्दानी खर्चको सार्वजनिकरण लगायत अन्य पारदर्शिता सम्वन्धी प्रावधान स्थानीय तहले पालना गर्नु पर्नेछ।

९. सम्झौतामा उल्लेख भएको म्याद भित्र स्थानीय तहले परियोजना सम्पन्न गरिसक्नु पर्नेछ। यदि तोकिएको समय भित्र परियोजना सम्पन्न नभएमा बाँकी कार्य पुरा गर्ने सम्पूर्ण दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

१०. परियोजना सम्पन्न भएपछि स्थानीय तहबाट जाँचपास, फरफारक गरी परियोजना सम्पन्न प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

११. कार्यक्रम कार्यान्वयनको चरणमा सिर्जित बौद्धिक सम्पत्ति स्थानीय तहले मन्त्रालयलाई पुनःउत्पन्न, पुनःउपयोग, सञ्चय, परिमार्जन, संशोधन र प्रकाशन गर्न मिल्ने गरी उपलब्ध गराउनु पर्नेछ।

१२. मन्त्रालयले परियोजना कार्यान्बयन सन्दर्भमा स्थानीय तहलाई आवश्यक सहयोग, सल्लाह, सुझाव र कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण प्रदान गर्नेछ।

१३. परियोजनाको कार्यान्वयन अवधि समाप्ति पश्चात संचालन, मर्मत संभार, व्यवस्थापन र दिगोपना सुनिश्चितता सम्बन्धी सबै जिम्मेवारी स्थानीय तहको हुनेछ । सो सम्बन्धमा मन्त्रालयले परियोजनाको सम्झौता अवधि बाहेकका वर्षहरूमा कुनै आर्थिक दायित्व वहन गर्ने छैन।

१४. सम्झौता बमोजिम परियोजना सञ्चालन नगरेमा नियमानुसार अनुदान रोक्का गरी प्रचलित कानुन बमोजिम कारवाही प्रक्रिया अघि बढाउन सकिनेछ ।

१५. स्थानीय तहले पेश गरेको स्वीकृत नवप्रवर्तन साझेदारी परियोजनाको पूर्ण प्रस्ताव यस सम्झौताको अभिन्न अंग हुनेछ।

१६. सम्झौतामा उल्लेख नभएका कुराहरु प्रचलित कानून अनुसार हुनेछन् र दुई पक्षको आपसी समझदारीमा सम्झौताका बुंदाहरुमा प्रचलित कानूनको प्रतिकुल नहुने गरी हेरफेर तथा संशोधन गर्न सकिनेछ।

१७. यो सम्झौता अनुसार परियोजना कार्यान्वयन गर्दा कुनै द्विविधा उत्पन्न भएमा वाधा फुकाउने अधिकार मन्त्रालयमा रहनेछ।

माथि उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मन्जुर छौं।

| मङ्गलसेन नगरपालिकाको कार्यालय, अछामको तर्फबाट | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश कार्यक्रम सहयोग इकाई, सुदूरपश्चिम प्रदेशको तर्फबाट |
|---|---|
| हस्ताक्षरः ...... २०८२/१२/०९<br>नामः खकेन्द्र बहादुर सौडारी<br>पदः प्रमुख प्रशासकीय अधिकृत<br>मितिः २०८२/१२/०९<br>सम्पर्क नम्बरः ९८५८४२९१११<br>कार्यालयको छापः (मङ्गलसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मङ्गलसेन, अछाम, सुदूरपश्चिम प्रदेश, नेपाल) | हस्ताक्षरः ......<br>नामः नरेन्द्र शाह<br>पदः उपसचिव<br>मितिः २०८२/१२/०९<br>सम्पर्क नम्बरः<br>कार्यालयको छापः (सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढी, कैलाली, नेपाल, २०७४) |
| रोहवरः<br>हस्ताक्षरः<br>नामः पौरख कुमार बोगटी<br>पदः सूचना प्रविधि अधिकृत<br>मितिः २०८२/१२/०९<br>सम्पर्क नम्बरः ९८६९०९९०५३ | रोहवरः<br>हस्ताक्षरः<br>नामः मदन सिंह मागाचन<br>पदः प्र.का.स.वि.<br>मितिः २०८२/१२/०९<br>सम्पर्क नम्बरः ९८५८६५१००२ |